
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार १६ गते आइतबार ❑ 30 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## पोखरामा रोपाई महोत्सव

### कृषि उत्पादनलाई पर्यटनसँग जोडौँः मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा १५ असार



असार १५ गते राष्ट्रिय धान दिवस । यस अवसरमा पोखराका विभिन्न ठाँउमा फरक फरक ढंगले यो दिवस मनाइएको छ।

पोखरा पर्यटन परिषदले विदेशी पर्यटकहरुलाई आकर्षण गरी कृषि क्षेत्रको प्रबर्द्धन गर्न यस बर्ष पोखराको फेवाफाँट मार्गीमा १९ औं संस्करणको रोपाई महोत्सव आयोजना गर् यो भने पोखराको सडकै धान रोपेर पोखरामा बिरोध समेत प्रदर्शन गरिएको छ । विदेशी पर्यटकहरु १९ औं संस्करणको असारे रोपाई महोत्सव २०८१ मा हिलो खेल्दै रमाउनु भएको छ। पोखरा २३ को फेवाफाँटमा परिषदको आयोजनामा कृषि क्षेत्रको प्रबर्द्धन सहित पर्यटन क्षेत्रको बिकासमा टेवा पुग्ने उद्वेश्यले आयोजित महोत्सवमा विदेशी पर्यटकहरु हिलोमा विभिन्न खेलकुद कार्यक्रममा सहभागि हुदै हिलो खेल्दै रमाएको परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो ।

'पोखरा सबै मौसमका लागि' भन्ने मूल नाराका साथ 'रोपाई महोत्सव' विगतका बर्ष देखि पोखरा क्षेत्रका विभिन्न स्थानहरुमा उक्त महोत्सव आयोजना गर्ने क्रममा यस बर्ष फेवाफाँटमा उक्त महोत्सव आयोजना गरिएको परिषदका अध्यक्ष श्रेष्ठले जनाउनु भयो । खेतियोग्य जमिनलाई संरक्षण गरि बाजो जग्गामा खेति गर्न प्रोत्साहन गर्न उक्त महोत्सवले सहयोग पुग्ने उहाँले बताउनुभयो ।

पोखरा वरिपरि भएका खेती योग्य जमिनलाई संरक्षण गर्दै लैजाने, कृषकलाई आफ्नो पेशा प्रति उत्प्रेरित गर्नका साथै असार १५ का दिन "हिलोमा एक पटक त टेक्न् पर्छ है" भन्ने भनाइलाई समेत जीवन्त तुल्याउने अभिप्रायले उक्त महोत्सवलाई निरन्तरता दिएको अध्यक्ष श्रेष्ठले जनाउनु भयो । यसैबिच, उक्त महोत्सवको उद्घाटन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले फेवाताल संरक्षणमा सबैले ध्यान दिनुपर्नेमा जोड दिनुभयो । फेवातालको शिरान भागमा भएको उक्त महोत्सवमा बोल्दै मुख्यमन्त्री पाण्डेले प्रदेश र नेपालको उत्पादन र उत्पादकत्व बृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । प्रदेशमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्री बिन्दुकुमार थापाले फेवाताल संरक्षणमा आफुहरु कटिवद्ध भएको बताउनु भयो । प्रदेश सांसद प्रकाश बरालले पोखराको फेवाताल सहित भ्यू फेवा राउण्ड फेवा परियोजनालेपोखराकोपर्यटनप्रबर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो ।

महोत्सवमा स्वदेशी तथा विदेशी पर्यटकको उल्लेखनिय सहभागिता रहेको परिषदका महासचिव सञ्जयकान्त सिग्देलले बताउनु भयो । हिलोमा भलिवल प्रतियोगिता हिले दौड प्रतियोगिता, पर्यटकहरुको लागि हिलो दौड, पत्रकार तर्फको हिले दौड, रस्साकसी प्रतियोगिता लगायतका प्रतियोगिता भएको महोत्सव संयोजक तारानाथ पहारीले बताउनु भयो ।

महोत्सवमा सास्कृतिक तथा मनोरन्जनात्मक कार्यक्रम समेत प्रस्तुतः गरिएको थियो । नेपाली ख्याती प्राप्त राष्ट्रिय कलाकार समिक्षा अधिकारी, प्रजापति पराजुली, निर्जला गुरुङ्ग, बालकाशी गुरुङ्ग लगायतको प्रस्तुती भएको महासचिव सिग्देलले बताउनु भयो ।

स्थानीय देविलाल लामिछानेले फेवाफाँटमा उत्पादन हुने जेठोबुढो धान उत्पादनमा कमी हुँदै आएको गुनासो गर्नु भयो । परिषद तथा स्थानीय आयोजकको रूपमा पोखरा महानगरपालिका वडा नं २३ मार्गी. बगर टोल विकाश संस्था रहेका छन। कार्यक्रमको प्रवर्द्धकक रूपमा गण्डकी प्रदेश सरकार नेपाल पर्यटन बोर्ड तथा पोखरा महानगरपालिका रहेका छन् ।

यसैबिच पोखराका हेमजा, पार्दीविरौटा, लेखनाथ लगायतका क्षेत्रमा यस बर्ष धुमधामका सान रोपाई महोत्सव मनाइएको छ ।

अधिकांश क्षेत्रमा रोपाई महोत्सव खेतमा धान रोपेर मनाएको सन्र्दभमा पोखराको हेमजा र सिम्पानीका स्थानीयले राष्ट्रिय धान दिवसको अवसरमा राजमार्गमै धान रोप्नु भएको हो । मध्य पहाडी लोक मार्गमा पर्ने करिब किलोमिटर सडक विगत ३ बर्ष देखि निर्माण कार्य अतिनै ढिला सुस्तीले सास्ती भोग्नु परेको भन्दै स्थानियले सडकमा बिरोध जनाउदै धान रोप्नु भएको हो । निर्माणमा ढिलासुस्ती गरेपछि विरोधस्वरुप धान रोप्दै, असारे भाका र भजनकृतन समेत गरिएको स्थानीय विजय त्रिपाठीले बताउनुभयो ।

आफुहरुले पटक पटक ठेकेदार कम्पनीलाई उक्त सडक छिटो बनाउन माग गर्दै आउदा खासै सुनुवाई नभएकोले अबको आन्दोलन थप शसक्त हुने उनले चेतावनी दिए । अब आन्दोलन हुदा त्यसबाट हुने क्षेतीको जिम्मा ठेकेदार कम्पनीले लिनुपर्ने उनको भनाई छ ।

## क्यान्सर रोकथामका लागि सचेतनाको आवश्यकता : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार



गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दु कुमार थापाले क्यान्सर रोकथामका लागि सचेतनाको आवश्यकता रहेको बताएका छन् ।

शनिबार नेवाः मिसा पुचः कास्कीले आयोजना गरेको क्यान्सर परिक्षण तथा सचेतना कार्यक्रममा बोल्दै उनले रोग निवारणका लागि सचेत हुन आवश्यक रहेको बताएका हुन् ।

"रोग लुकाएर राख्न भन्दा समयमा नै उपचार गरियो भने क्यान्सरबाट पनि बच्न सकिन्छ", उनले भने, "खानपिनमा विशेष ध्यान दिन आवश्यक छ ।"

११ वटा जिल्लाका १४ अस्पताल प्रदेश सरकारको मातहतमा रहेको जानकारी उनले गराए । क्यान्सर, मुटुरोग जस्ता बिरामीका लागि उपचारको राम्रो सुविधा नहुँदा बाहिर जानुपर्ने अवस्था सिर्जना भएको र प्रदेश सरकार यसको व्यवस्थापनमा लागिरहेको उनले बताए । जग्गा प्राप्तिको समस्याका कारण उक्त रोग सम्बन्धि विशिष्ट श्रेणाीको अस्पताल बनाउन नसकिएको र उच्चस्तरिय समिति बनाई जग्गाको खोजी कार्य भइरहेको भनाई उनको छ ।

मन्त्री थापाले क्यान्सर बिरामीलाई संघ सरकारबाट दुई लाख र प्रदेश सरकारले एक लाख उपलब्ध गराउँदै आएको बताए । जसबाट बिरामीलाई उपचार खर्च गर्न सहज भएको अभिव्यक्ति उनको छ ।

नेवाःखल कास्कीका अध्यक्ष अशोक पालिखेले जनतालाई स्वस्थ बनाउन सरकारले ध्यान दिनुपर्ने बताए । रोग लागेर उपचारमा सहयोग गर्नुभन्दा रोग लाग्नै नदिने कार्यक्रम ल्याउन उनको आग्रह छ । नेपाल क्यान्सर रिसर्च सेन्टरको सहयोगमा क्यान्सरको परिक्षण समेत गरिएको छ । नेवाःमिसा पुचः कास्कीका अध्यक्ष संगीता बज्राचार्यको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा स्वागत उपाध्यक्ष शक्ति प्रधानाङ्ग र संचालन महासचिव किरण बिजुक्छेले गरेकी थिइन् ।

## स्याङ्जामा घर पुरिँदा आमा-छोरीको मृत्यु

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १५ असार

स्याङ्जामा पहिरोले घर पुरिँदा आमा-छोरीको मृत्यु भएको छ ।

गए राति स्याङ्जाको फेदीखोला गाउँपालिका-५ बाङ्गेमा पहिरोले घर पुरिँदा उनीहरूको मृत्यु भएको हो । पहिरोमा परेर आमा ३१ वर्षीया दुर्गा जिटी र उनकी तीन वर्षीया छोरी निकिसाको मृत्यु भएको घट्नास्थलमा रहनुभएका प्रहरी सहायक निरीक्षक अमृत भुजेलले जानकारी दिनुभयो । "राति सुतेका बेला पहिरो खसेको हो", उहाँले भन्नुभयो । घटनाका बेला आमा र छोरी मात्र घरमा रहेका र छोरो गाउँमा आफन्तकहाँ बास बस्न गएकाले उनको ज्यान जोगिएको उहाँले बताउनुभयो ।

पहिरोले ढुङ्गामाटो र जस्तापाताले छाएको एक तले घर र घरनजिकै रहेको गोठ पुरिएको छ । पहिरोमा परी एउटा भैँसी पनि मरेको प्रहरीले जनाएको छ ।

## एमालेमाथि गिद्धेदृष्टि लगाउने आफै सकिन्छन् : स्थायी कमिटी सदस्य अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार



नेकपा (एमाले)का स्थायी कमिटी सदस्य एवं गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री खगराज अधिकारीले एमालेमाथि गिद्धेदृष्टि लगाउनेहरु आफै सकिने बताउनुभएको छ। राष्ट्रिय युवा संघ नेपाल कास्की जिल्ला कमिटीले शनिबार पोखरामा आयोजना गरेको 'मदन र युवा' विषयक प्रशिक्षण कार्यक्रममा बोल्दै उहाँले जनताको बहुदलीय जनवादको विचार बोकेको एमालेलाई कसैले भत्काउन नसक्ने ठोकुवा गर्नुभयो ।

'एमाले सिध्याउने कोसिस गर्नेहरु आफै चकनाचुर हुन्छन्, जनताको बहुदलीय जनवादको विचार बोकेको एमालेलाई कसैले भत्काउनसक्दैनन्' उहाँले भन्नुभयो।

यथास्थितिका विरोधी र परिवर्तनका वाहक हुने भएकोले युवालाई देश परिवर्तनमा लगाउनुपर्नेमा उहाँको जोड थियो । कांग्रेसले चुनावमा धाँधली गर्ने गरेकोले तिनीहरुबाट जनमत जोगाउने उद्धेश्यले २०४७ साल जेठ १ गते प्रजातान्त्रिक युवा संघ गठन गरिएको अधिकारीको भनाई थियो। हालको राष्ट्रिय युवा संघ नेपाल त्यसको निरन्तरतारहेकोउहाँलेखुलाउनुभयो।

पछिल्लो समय केही जनसंगठनले पार्टीको निर्देशनको पालना नगर्ने गरेको भन्दै त्यस्तो छुट जनसंगठनलाई नहुने प्रष्ट पार्नुभयो । 'अहिले पार्टी एउटा कुरा भन्छ, पार्टीका जनसंगठनहरु अर्को कुरा भन्न मिल्दैन, अर्को ढंगले चल्न मिल्दैन, ती पार्टीका पखेटाहरु हुन्, त्यसैले पखेटाले धेरै जोरी खोज्नुहुन्न, नीति पार्टीको लिने, साँगठनीक स्वायत्तता र धेरैंलाई गोलबन्द बनाउने काममा अगाडि बढ्नुपर्छ' उहाँले भन्नुभयो । युवा संघ पार्टीको समस्या नभएर समाधान भएको उहाँले प्रष्ट पार्नुभयो ।

मदन भण्डारीले प्रतिपादन गरेको विचारको सबैभन्दा योग्य अनुयायी वर्तमान अध्यक्ष केपी शर्मा ओली भएको कारण पटक-पटक उहाँमाथि प्रहार हुने गरेको स्थायी कमिटी सदस्य भनाई थियो । 'जननेता मदन भण्डारीको विचारलाई स्थापित गर्न महत्वपूर्ण भूमिका खेलेको केपी ओलीले हो, त्यसकारण खोजी-खोजी आक्रमण भइरहेको छ, विभिन्न बहानामा' उहाँको दावी थियो ।

उहाँले देशको अर्थतन्त्र रेमिट्यान्सले मात्र नधान्ने भन्दै आफ्नो उत्पादकत्व वृद्धि गर्दै राष्ट्रिय पुँजीको निर्माण गर्नुपर्ने भएकोले यसमा ध्यान दिन युवालाई आग्रह गर्नुभयो ।

राष्ट्रिय युवा संघ नेपाल कास्की जिल्ला कमिटी अध्यक्ष शंकर पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा एमाले केन्द्रीय सदस्य तथा युवा संघ नेपालका पूर्व अध्यक्ष राजीव पहारी, युवा संघ नेपाल केन्द्रीय सदस्य बबिता सुवेदी, कास्की सचिव उमेश गुरुङ लगायतले जननेता मदनकुमार भण्डारीले प्रतिपादन गरेका बिचारको बारेमा आफ्नो भनाई राख्नुभएको थियो । उहाँहरुले भण्डारीको विचारलाई जीवन्त राख्नको निम्ती युवाहरुले प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

यसैबीच राष्ट्रिय युवा संघ नेपाल कास्की जिल्ला कमिटीले असार १८ गते मंगलबार बृहत वृक्षरोपण कार्यक्रमको आयोजना गर्ने भएको छ । युवा संघ नेपालका केन्द्रीय अध्यक्ष क्षितिज थेवेको उपस्थितिमा पोखरा महानगरपालिका वडा नं.२६ मा हुने वृक्षरोपण कार्यक्रमको तयारी तीव्रताका साथ अगाडि बढाइएको कास्की अध्यक्ष शंकर पौडेलले बताउनुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा छैटौं केन्पो काई राष्ट्रिय प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा १५ असार

पोखरामा शनिबार छैटौं केन्पो काई राष्ट्रिय प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगितामा ६ प्रदेशका २ सय भन्दा बढी खेलाडीहरुको सहभागिता रह्यो ।

महिला र पुरुष विधामा विभिन्न उमेर समूहबीच प्रतिष्पर्धा भएको थियो । पुरुष विधामा खुल्ला तौल समूहतर्फ अनमोल मल्ल प्रथम भए । मनिष पुलामी मगर दोस्रो, रोशन परियार र आर्यन पाण्डे तेस्रो भए ।

६० केजी तौल समूहमा सुसिम रानामगर च्याम्पियन बने । मिसन लिम्बु दोस्रो, अप्सन परियार र अरुण लिम्बु तेस्रो बने । ५५ केजी तौलमा सञ्जिव शाह ठकुरी प्रथम, आशिष लोकेन्द्री दोसै र शक्ति तामाङ र प्रयुश राई तेस्रो भए ।

५० केजीतर्फ रिवाज थापा प्रथम, अंकित सुनार दोस्रो, जेम्स बिक र रोहन क्षेत्री तेस्रो भए । ४५ केजी तौल समूहमा विशाल बुढामगर प्रथम, झलक थापा मगर दोस्रो, रेशम बिक र नविन परियार तेस्रो बने ।

४० केजी तौलसमूहमा निश्चल बिक पहिलो, कृष थापा दोस्रो, रुद्र गौतम र आभास श्रेष्ठ तेस्रो बने । ३५ केजी तौल समूहमा हेसाङ सारु मगर प्रथम, आरुष सिंह ठकुरी दोस्रो, प्रयास गुरुङ र सन्देश पुन तेस्रो भए ।

३० केजीतर्फ सुशान्त थापा प्रथम, भैभव भण्डारी दोस्रो, समिर गुरुङ र रविन ठकुरी तेस्रो भए। २५ किलो तौल समूहमा सुमन बिक



प्रथम, ओसन मगर दोस्रो, रिशव चौधरी र एकृत राई तेस्रो भए ।

यस्तै, महिला तर्फ खुल्ला तौल समूहमा नितिशा राना मगर च्याम्पियन बनिन् । रोजिना गुरुङ दोस्रो हुँदा पूर्णिमा लियो मगर र केजिया क्षेत्री तेस्रो बने । ५० केजी तौल तर्फ प्रशन्ना क्षेत्री प्रथम, निम्रित शाह दोस्रो, दिपिका बोहोरा र सुमी गुरुङ तेस्रो बने ।

४५ केजी तौल समूहमा सन्ध्या लामा प्रथम, कञ्चन लिम्बु दोस्रो, ममता थापा र कुमा पुन तेस्रो भए। ४० केजी तौल समूहमा विशिषता राई प्रथम, क्रिस्टिना कार्की दोस्रो, वर्षा गुरुङ र सिम्रन केसी तेस्रो भए । ३५ केजी तौल समूहमा पार्वती तामाङ प्रथम, मिरिस्मा पौडेल दोस्रो, सभ्यता बराल तेस्रो र सरगम गुरुङ तेस्रो बने ।

३० केजी तौल समूहमा मनिशा गिरी प्रथम, ओसन थापा दोस्रो, प्रितिशा खनाल र अक्षता ढुंगाना तेस्रो भए । २५ केजी तौलसमूहमा प्रितिशा गिरी प्रथम, नुमा लिम्बु दोस्रो, दीपशिखा सिग्देल र सिम्रन क्षेत्री तेस्रो भए ।

प्रमुख अतिथि गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री बिन्दु कुमार थापा, आयोजक प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्मा, व्यवस्थापक गण्डकी प्रदेश केन्पोकाई संघका अध्यक्ष प्रगत कायस्थ र साउन एशियन केन्पोकाई ब्राञ्च चिफ नाराज बहादुर खड्का (हरि)ले विजयी खेलाडीहरुलाई ट्रफी, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए ।

मन्त्री थापाले अनुशासित नागरिक उत्पादनका लागि खेलकुद अपरिहार्य रहेको जनाउँदै अहिले खेलकुद व्यवसायिक समेत बन्दै गएको बताए ।

गण्डकी प्रदेश सरकारले खेलकुद विकासका लागि महत्व दिँदै आगामी वर्षका लागि समेत आवश्यक बजेट विनियोजन गरिसकेको जनाउँदै मन्त्री थापाले भने- 'अहिले खेलकुदमा सम्भावना समेत बढ्दै गएको छ । नेपाली खेलाडीहरुले पनि विस्तारै खेलकुदको माध्यमबाट आफ्नो व्यवसायिकतालाई अघि बढाएका छन् ।'

केन्पोकाई खेलको समेत नेपालमा सम्भावनाको खेल रहेको उल्लेख गर्दै खेलकुदले भाइचारा सम्बन्ध स्थापितसंगै अनुशासन कायम गर्न समेत खेलकुदको भूमिका उत्तिकै प्रभावकारी रहेको उनको भनाई थियो । खेलाडीहरुको सहयोगका लागि प्रदेश सरकार साथ सहयोग दिन तयार रहेको बताए ।

गण्डकी प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्माले खेलकुदको बजेट सोचेनुरुप नआएको बताउँदै परिषद्ले बालबालिकालाई खेलकुदमा आकषर्ण बढाउन विभिन्न योजनाहरु अघि सारेको जनाए । खेलकुद बालबालिकाको मौलिक अधिकार समेत जनाउँदै उनले भने- “खेलकुदको विकासका लागि अब सबै राजनीतिक दलहरुलाई समेत बुझाउन आवश्यक छ ।” सदस्य सचिव शर्माले राष्ट्रिय खेलाडीहरुले मासिक भत्ता प्राप्त गर्न सके त्यसले समाजमा सकरात्मक परिवर्तन आउन सक्ने जनाए । गण्डकी प्रदेश केन्पोकाई संघका अध्यक्ष प्रगात कायस्थको अध्यक्षतामा भएको उद्घाटन समारोहमा नेपाल केन्पोकाई संघ केन्द्रीय महासचिव नविन आचार्य, प्रतियोगिता संयोजक स्वयम्भू कुँवर लगायतले बोलेका थिए ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा गण्डकी प्रदेश केन्पोकाई संघको व्यवस्थापनमा कार्यक्रम भएको थियो ।

# ई-ड्राइभको गण्डकीमा सेवा विस्तार, आफ्नै विद्युतीय सवारी चलाउने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार

प्रविधिको प्रयोगमा जोड दिदैं गण्डकी प्रदेशभर सेवा प्रदान गर्नेगरि 'ई-ड्राइभ नेपाल' को राइड शेयरिङ एप सञ्चालनमा ल्याइएको छ । ई-ड्राइभ गण्डकी नेपाल र ई-ड्राइभ नेपालले सहकार्य गदै राइड शेयरिङ एप सञ्चालनमा ल्याइएको हो ।

गण्डकीका १० जना युवाको पहलमा एप सञ्चालनमा ल्याएको ई-ड्राइभले केही समयमै सेवा शुभारम्भ गर्नेछ ।

यात्रुले प्लेस्टोर र एपस्टोरको माध्यमबाटबाट ई-ड्राइभ नेपालको एप डाउनलोड गरेपछि अनलाइनबाट आवश्यकता अनुसार सवारीसाधन बुक गरेर गन्तव्यमा पुग्ने व्यवस्था मिलाएको ई-ड्राइभ गण्डकीका अध्यक्ष भीमसेन कार्कीले जानकारी दिए ।

'पहिलो चरणमा पोखरामा विद्युतीय कार, मोटरसाइकल, स्कुटर जस्ता सवारीमार्फत सेवा दिनेछौं । पोखरामा २५ वटा आफ्नै विद्युतीय सवारी सञ्चालनमा ल्याइनेछ', कार्कीले भने ।

एक हजार बढी मोटरसाइकल र स्कुटरसँगै भाडाका सवारीसाधन कम्पनीसँग आबद्ध भएको उनले जानकारी दिए । आवद्ध हुन चाहने थप सवारीले एप डाउनलोड गरेर रजिस्ट्रेसन गर्न सक्ने उनको भनाइ थियो ।

भाडाका सवारीसाधन सरकारले तोकेकै दरमा प्रयोग हुने कार्कीले बताए । उनले थपे, '७० वर्ष पूरा भएका वृद्धवृद्धा, अशक्त, अपांग, सुत्केरी, महिला, विद्यार्थी र दैवि प्रकोपमा परेकालाई छुटसहितको सेवा दिनलाई कम्पनी प्रतिबद्ध छ ।'

विद्युतीय एम्बुलेन्स संचालनमा ल्याउने प्रालिको योजना छ ।



एम्बुलेन्सले गरिव विपन्न वर्गलाई सामाजिक उत्तरदायित्व बहन गर्दै निशुल्क सेवा प्रदान गर्ने तयारीमा छ।

यात्रुको सुरक्षालाई ध्यानमा राखेर ई-ड्राइभमा नेभिगेशन प्रणाली प्रयोग गरिएकाले कुन सवारी साधन कहाँ छ ? भन्ने सजिलै पत्ता लगाउन र खोज्न सकिने अध्यक्ष कार्कीले उल्लेख गरे । ' यात्रुले यात्राका क्रममा आफुलाई असुरक्षित महसुस गरेमा एपबाटै आकस्मिक बटन थिचेर प्रहरी र ई-ड्राइभ कन्ट्रोल रुममा जानकारी दिन मिल्नेछ', उनले भने, 'यो एपबाटै ३ जना आफन्तलाई लोकेसन शेयर गर्न मिल्ने फिचरसमेत उपलव्ध छ ।'

ई-ड्राइभ नेपालमा दर्ता भएका सवारी प्रयोग गर्दा यात्रु पूर्ण रुपमा सुरक्षित रहने दाबी गरिएको छ । सबै सवारीको नियन्त्रण कम्पनीसँग हुने भएकाले सेवाग्राहीमैत्री रहेको ई-ड्राइभ नेपालका अध्यक्ष राजेश मास्केले बताउँछन् ।

उनका अनुसार दुर्घटनाको जोखिमलाई ध्यान दिएर ई-ड्राइभ सुविधा लिने चालक र सेवाग्राही दुवैको ७ लाख रुपैयाँ बराबरको बिमा गरिनेछ । ७० हजार रुपैयाँसम्मको उपचार खर्चको व्यवस्था कम्पनिले गर्ने उल्लेख गरेको छ ।

ई-ड्राइभले काठमाडौं उपत्यका र लुम्बिनी प्रदेशको बुटवल र भैरहवामा सेवा दिदैं आइरहेको छ। गण्डकी प्रदेशसँगै कोशी प्रदेश र लुम्बिनीको नेपालगन्जमा सेवा विस्तारको चरणमा हो ।

आम नागरिकलाई सरल, सहज र विश्वसनीय सेवा प्रदान गर्न कम्पनी प्रतिवद्ध रहेको मास्केले बताए । 'अर्कोतर्फ नेपालमै बनेको एप भएकाले सेवाग्राहीको डेटा विदेशिने डर हुँदैन । ई-ड्राइभले पाउने सेवा शुल्कको १० प्रतिशत सिधैं सरकारलाई भुक्तानी गर्नेछौं', उनले भने, 'स्वदेशमै निर्मित एप भएका कारण जे जति आम्दानी हुनेछ त्यो विदेशिने छैन । यसले अर्थतन्त्र चलायमान बनाउनुका साथै युवा पलायन रोक्न सघाउने छ।'

वातावरणमैत्री विद्युतिय सवारीलाई सञ्चालनमा ल्याएर पर्यावरणमैत्री शहर निर्माणमा सघाउने उदेश्य रहेको उनले बताए ।

ई-ड्राइभ नेपालका अध्यक्ष मास्केले बजारमा भएका ट्याक्सी समितिसँग भिड्न नभइ सहजीकरण गर्न आएको बताए । 'ट्याक्सी चालकको रोजरोटी खोस्न आए, भिँड्न आए भनेर जुन चर्चा भइरहेको छ । यी कुराहरु नितान्त गलत हो । हामी उहाँहरुलाई सहजीकरण गर्न आएका हौं', उनले भने ।

उनले सबै प्रक्रिया पूरा गरेर दर्ता गरेकाले अब सरकारको तर्फबाट बन्ने कार्यविधीको पखाईमा रहेको उल्लेख गरे ।

# फ्रीडम ट्रेनिङ सेन्टरमा अनुभव आदनप्रदान तथा प्रमाणपत्र बितरण कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा १५ असार

पोखराको सृजना चोकमा रहेको फ्रीडम ट्रेनिङ्ग सेन्टरमा अनुभव आदनप्रदान तथा प्रमाणपत्र बितरण कार्यक्रम सम्पन्न भएको छ।

शनिवार भएको कार्यक्रममा १ महिने उद्घोषण तथा भाषणकला तालिम लिईएका ३० जना प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र बितरण तथा तालिम पश्चातको अनुभव आदन प्रदान गरिएको हो ।

कार्यक्रममा बोल्दै तालिमा प्रमुख प्रशिक्षक तथा ट्रेनिङ्ग सेन्टरका सञ्चालक बिनोद पाहारीले २०७७ सालमा स्थापना भएको सस्थाले शुरुमा निकै चुनौतिको सामना गरे पनि अहिले सहज रुपमा सहभागिहरु सिक्नको लागि आउने गरेको बताउनुभयो ।उहाँले तालिम



लिनको लागि सबै उमेर समुहको सहभागिता हुने गरेको उल्लेख गर्नुभयो । उहाँले तालिम दिनको लागि मात्रै नभई ब्यबाहारिक रुपमा समेत पुर्णरुपमा उपयोगि हुने खालको भएको जनाउनुभयो । सञ्चालक पाहारीले तालिममा बढि भन्दा बढि प्रयोगात्मक अभ्यासमा जोड दिइने उल्लेख गर्नुभयो । कार्यक्रमका प्रमुख अतिथि नेपाली लोक संस्कृतिमा बिद्याबारिधी गर्नुभएका मोटिभेसनल स्पिकर,अनुसन्धान कर्ता डा. तुलसीराम खनालले कुनै पनि कुरा सिक्नको लागि तत्परता हुनुपर्ने बताउनुभयो । उहाँले सिक्ने ब्यक्तिमा अध्ययनहुनुपर्ने बताउदै तालिममा सिकेको कुरालाई ब्यबाहारमा ल्याउन आग्रह गर्नुभयो । डा.खनालले बोल्नेकला सम्बन्धी केहि टिप्स समेत प्रदान गर्नुभएको थियो

कार्यक्रममा इन्सेक गण्डकी प्रदेश प्रमुख शिब खकुरेलले तालिमले ज्ञान,सिप र धारणमा परिर्वतन ल्याउने बताउनुभयो । तालिममा सिकेको कुरालाई निरन्तरता दिन उहाँको आग्रह थियो । यस्तै कार्यक्रममा प्रशिक्षार्थीको तर्फबाट कृष्णचन्द्र न्यौपाने,बसन्त शर्मा,रुपेश जैसवाल,बिबा सिहं,अनिल सुवेदीले सिकाई अनुभवको बारेमा बोल्नुभएको थियो।


कार्यक्रममा शिक्षासेवी नारायणी कुँवर,इन्फर म्याटिक्स इन्टिच्युटका प्रबन्धक निर्देशक प्रदिप थापा,पत्रकार सबिन रेग्मी लगाएतले उद्घोषण तथा भाषणकला तालिमको महत्वको बारेमा बोल्नुभएको थियो । फ्रीडम ट्रेनिङ्ग सेन्टरका सञ्चालक बिनोद पाहारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन प्रशिक्षार्थी अनिल सुवेदीले गर्नुभएको थियो ।

# कृषि क्षेत्रको विकासबिना मुलुकको समृद्धि असम्भवः मन्त्री गिरी

**पोखरापत्र संवाददाता**
पर्वत, १५ असार

कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले कृषि क्षेत्रको विकासबिना मुलुकले समृद्धि हासिल गर्न नसक्ने बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) निकट अखिल नेपाल किसान महासङ्घ पर्वतको आयोजनामा जलजला गाउँपालिका वडा नं ८ नाङलीवाङको फर्सेमा रोपाइँ मेलामा सम्बोधन गर्दै मन्त्री गिरीले नेपाल कृषि प्रधान देश भए पनि विदेशबाट अन्नपात आयात गरेर उपभोग गर्नुपर्ने अवस्था रहेको बताउनुभयो । उत्पादनमा जोड दिएर कृषि प्रधान देशलाई व्यवहारमा परिणत गर्नुपर्ने उहाँको भनाइ थियो । कृषि उपजमा आत्मनिर्भर बनाउनका लागि सोहीअनुसारका नीति तथा कार्यक्रम ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो । मन्त्री गिरीले कृषि पेसामा लाग्नेहरूलाई राज्यले उचित प्रोत्साहन गर्नुपर्ने बताउनुभयो । कृषि सम्मानित र आत्मसम्मानको पेसा भएको बताउँदै मन्त्री गिरीले किसानका समस्यालाई पहिचान गरी राज्यले समाधानको प्रयास गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले कृषि क्षेत्रको विकासबाट मात्रै मुलुकले समृद्धि हासिल गर्न सक्ने बताउँदै किसानलाई समयमै मल, बीउ, यान्त्रिकीकरण, सिँचाइका सुविधालगायत सहजता राज्यले प्रदान गर्नुपर्नेमा जोड दिनुभएको छ । उहाँले धानमात्र नभई सबै खालका अन्नबाली उत्पादनमा जोड दिनुपर्ने धारण राख्नुभयो । मध्य असारसम्म पर्वतमा जम्मा १५ प्रतिशतमात्र रोपाइँ सम्पन्न भएको छ । ढिलागरी मनसुन सक्रिय भएका कारण रोपाइँ ढिला भएको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभामृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# असार १५ र धान दिवस

'जलवायुमैत्री कृषि, धान उत्पादनमा वृद्धि' नारासहित सरकारले यस वर्षको धान दिवस मनाइरहेको छ । असार १५ गतेलाई धान दिवस मनाउन थालेको २१ औं वर्ष भएको छाधान दिवसको अवसर पारेर राष्ट्पति, प्रधानमन्त्री देखि सेलीब्रेटी सम्म खेतमा पुगेर हिलोमा खेल्ने गरेका छन्। असार१५ लाई दही च्युरा खाने दिनको रुपमा पनि मनाउने गरिन्छ । असार लागेसँगै अधिकांश नेपालीलाई छिपछिपे हिलो, दही-चिउरा, रोपाईं, बाउसे, हलगोरु, रोपाहार, मेलो आदिको सम्झना हुन्छ । नेपालमा खाद्य सुरक्षा भनेकै धान हो भन्दा अतिशयोक्ति हुँदैन, किनकि करिब ६७ प्रतिशत खाद्य आपूर्ति धानबाटै हुन्छ भने खानपानमा करिब एकतिहाइ क्यालोरीको स्रोत पनि धान हो ।

क्षेत्रफल, उत्पादन, खपत आर्थिक क्षेत्रमा पुऱ्याइरहेको योगदान– सबैका आधारमा नम्बर १ मा छ धान बाली । चामलबाट देशमा विभिन्न समुदायले अनेक परिकार बनाउने र पवित्र कार्य वा विभिन्न संस्कारमा पनि प्रयोग गरिन्छ । नेपाल लगायत एसियाली राष्ट्रहरूको प्रमुख खाद्यान्न बाली हो, धान । संसारका सयभन्दा बढी मुलुकमा धानखेती गरिन्छ, तर वातावरणीय अनुकूलताले गर्दा एसिया महादेशलाई धान उत्पादनका दृष्टिले अग्रणी मानिन्छ । विश्वको कुल धान उत्पादनको ९० प्रतिशतभन्दा बढी उत्पादन र खपतका यसै क्षेत्रमा हुने गर्छ । चीन, भारत, इन्डोनेसिया, बंगलादेश, थाइल्यान्ड, भियतनाम, म्यानमार– यी सात देशमा मात्र विश्वमा हुनेमध्ये ८० प्रतिशतभन्दा बढी धानको उत्पादन हुन्छ । नेपाल धान उत्पादनका हिसाबले १७औं स्थानमा पर्छ ।

हाम्रो खानामा धान कतिको महत्वपूर्ण बाली हो भन्ने कुरा त दुई नेपाली भेट भएबाटै थाहा हुन्छ । उनीहरू सोध्छन्, भात खानुभयो । संसारकै सबैभन्दा अग्लो स्थानमा धान हुने देश नेपाल नै हो । नेपालमा धानखेती समुद्र सहतदेखि ६० मिटर उचाइमा रहेको स्थान (झापाको केचनाकलन)देखि ३०५० मिटरसम्मको उचाइमा रहेको स्थान (जुम्लाको छुमचौर जिउला)सम्म हुने गर्छ । यस्तै ७५ वटा जिल्ला (मनाङ र मुस्ताङ जिल्ला बाहेक)मा धानखेती गरिन्छ । नेपालमा प्रतिव्यक्ति प्रतिवर्ष १३७.५ केजी चामलको खपत रहेको छ । हामीकहाँ करिब ५७ लाख टन धानको उत्पादन हुन्छ भने ६७ लाख मेट्रिक टन आवश्यक पर्छ । करिब १० लाख मेट्रिक टन धान अपुग छ । भन्सार विभागको आव २०७९-८० को तथ्यांक अनुसार, ४७ अर्ब, ५७ करोड ३६ लाख ८४ हजार मूल्य बराबरको धानजन्य (धानको बिउ, धान, चामल र कनिका) सामग्री आयात भएको देखिन्छ ।

एकातिर प्रायः युवा विदेश गई कमाउन थालेका छन् भने अर्कोतिर सडकका कारण गाउँठाउँमा नगद प्रवाह हुन थालेको छ, यसकारण मसिनो तथा बास्नादार चामल खानेहरु बढ्न थालेका छन् । चालु आवको गत साउनदेखि जेठ मसान्तसम्म ११ महिनामा २१ अर्ब १३ करोड ७० लाख ५ हजार बराबरको धानजन्य सामग्री भित्रिएको देखिन्छ । जसमा धानको बिउ मात्रै ८८ करोड, ६५ लाख, २१ हजार मूल्य बराबरको; अन्य धान र चामल २० अर्ब, २४ करोड, ३२ लाख, ६४ हजार मूल्यबराबरको र कनिका नौ लाख २० हजार मूल्य बराबरको भित्रिएको थियो । आफ्नो ठाउँमा जे उत्पादन हुन्छ त्यो खाने चलन हराउनाले चामलको माग र आयात बढ्न गएको पाइन्‌ । हावापानीको विविधताका कारण बढी उत्पादन हुने जातको धानको खेती हामीकहाँ कम हुने गर्छ । थोरै र टुक्रिएको जग्गाका कारण मेसिनको प्रयोगमा कठिनाइ भइरहेको छ । यस्तै सिँचाइ, मल र गुणस्तरीय बिउको अभाव छँदै छ । चैते धान सुकाउन असुविधा, बजारमा सस्तो मूल्यमा धान बेच्नुपर्ने किसानको बाध्यता र प्राविधिक ज्ञानको कमी, तीन तहको सरकारमा समन्वयको अभाव, उत्पादन लागत बढी हुनु आदि हाम्रा धानखेतीका मुख्य चुनौती छन् ।

जलवायु परिवर्तन लगायत चुनौती थपिएका छन् । बाढी, पहिरो र सुक्खा बढिरहेको छ । हिउँदे झरी हराइसक्यो, हिमाल कालापत्थरमा परिणत हुँदै गइरहेका छन् । युवा पुस्ता माटो छुन मन गर्दैनन् । खाद्यान्नको मूल्यवृद्धि अकासिँदो छ । धान र चामलको सबै जनतासामु उपलब्धता र पहुँचको कमी छ । लाखौं युवा बेरोजगारी कारण विदेसिएका छन् । उनीहरूलाई तत्काल रोजगारी दिने सरकारसँग कुनै योजना छैन । छोटो समयमा रोजगारी दिन सक्ने र आम्दानी गर्न सकिने भरपर्दो क्षेत्र कृषि नै हो । यसपटकको बजेटमा कृषिमा लगानी दशक (२०८१-० ९१) घोषणा गरिएको छ, तर कार्यान्वयन प्रभावकारी होला भन्ने कुनै विश्वासिलो आधार देखिँदैन । धान चामल निर्यात गर्ने नेपाल साँच्चै धान र चामलमा आत्मनिर्भर हुने हो भने धानको उत्पादन र उत्पादकत्व बढाउने उपाय अपनाउनैपर्छ । त्यसका लागि, कृषि यान्त्रिकीकरणमा जोड, व्यावसायिक उत्पादन, उत्पादन उपरान्त हुने क्षतिमा कमी गर्ने उपायको अवलम्बन, भण्डारणका पूर्वाधार विकास हुनुपर्छ प्रविधि र पूर्वाधारका पक्षमा जोड दिएमा राष्ट्रिय धान दिवस मनाएको सार्थक हुनेछ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# फोनिज गण्डकीको ८ बुँदे पोखरा घोषणापत्र जारी

पोखरापत्र संवाददाता
पोखरा, १५ असार



नेपाल आदिवासी जनजाति पत्रकार महासंघ फोनिज गण्डकीले भेलाले ८ बुँदे पोखरा घोषणापत्र जारी गरेको छ ।

पोखरामा शुक्रबार भएको भेला घोषणापत्र लेखन समितिका संयोजक दीपेन्द्र श्रेष्ठको संयोजकत्वमा ८ बुँदे पोखरा घोषणापत्र जारी गर्दै सकिएको हो । समितिमा संघीय सल्लाहकार हुमबहादुर गुरुङ, गण्डकी इन्चार्ज एमबि आस्थामगर, गण्डकी सल्लाहकार शान्ती गुरुङ र मनोज घर्तीमगर थिए ।

फोनिज गण्डकीले पोखरा घोषणापत्र जारी गर्दै नेपाल पत्रकार महासंघको महासंघको आगामी कार्य समिति पूर्ण समावेशी गर्न माग गरेको छ । यमहासंघको सदस्यता विवादको समाधान गर्दै निर्वाचन गर्न पनि महासंघको केन्द्रीय समितिसँग फोनिज गण्डकीले माग गरेको हो । महासंघको २७ औं महाधिवेशनले संस्थापकको विषयलाई टुङ्गो लगाउन विज्ञ समिति गठन गर्ने लिखित सम्भझदारी गरिएको स्मरण गराउँदै प्रतिबद्दता कार्यान्वयनको समेत माग गरेको संयोजक श्रेष्ठले बताए।

घोषणापत्रमा आसन्न निर्वाचनमा आदिवासी जनजाति, मधेसी, दलित, थारु, मुस्लिम, महिला तथा पछाडि परेका अल्पसंख्यक लोपोन्मुख जाति समुदाय, क्षेत्र, लिङ्गबाट प्रतिनिधित्व गर्ने पत्रकारलाई बढी भन्दा बढी केन्द्र, प्रदेश र जिल्ला कार्य समितिहरुमा समेटन पत्रकार सम्बद्ध सबै संघ संस्थाहरुलाई फोनिज गण्डकी बिशेष आग्रह समेत गरेको छ ।

भेलाले फोनिज रजत जयन्ती बर्षभर विविध कार्यक्रम गरि मनाउने केन्द्रीय नीति अनुसार गण्डकी प्रदेश र मातहतका जिल्लाहरुमा रचनात्मक कार्यक्रम गरि मनाउने निर्णय समेत गरेको छ।

यस्तै फोनिज सम्बद्द पत्रकार हरुलाई आफ्नो क्षमता अभिबृद्दि गर्दै आदिवासी जनजातीका मुद्दा, संस्कार संस्कृति, परम्परा, रैथाने प्रविधि र भाषाका बिकास र अधिकारका मुद्दामा निर्भिकतापूर्वक कलम चलाउन आग्रह गर्दै प्रेस स्वतन्त्रताको पूर्ण प्रत्याभुतिको सुनिश्चिताको लागि तिनै तहको सरकार र स्थानीय प्रशासकसँग माग गरेको छ ।

फोनिजले समावेशीकरणको संवैधानिक सिद्धान्तलाई आत्मसात गर्दै गण्डकी प्रदेश भित्र नियुक्त/मनोनित हुने सरकारको सबै प्रकारका सञ्चार सम्बद्ध समिति/संयन्तहरुमा आदिवासी जनजाती पत्रकारको प्रतिनिधित्वकालागि गण्डकी प्रदेश सरकार र सम्बद्ध सरोकारवालाहरुमा माग गरेको छ।

# खेतीयोग्य जमिन नासिँदै

पोखरापत्र संवाददाता
पोखरा, १० असार

असार दोस्रो सातासम्ममा गण्डकी प्रदेशमा करिब १५ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको छ । प्रदेशको कृषि विकास निर्देशनालयका अनुसार यस वर्ष ९८ हजार हेक्टर क्षेत्रफलमा धानखेती हुने अनुमान छ । केही दिनयता मनसुन सक्रिय भएकाले किसान रोपाइँको चटारोमा रहेको निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले बताउनुभयो ।

गत आइतबारसम्ममा आठ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएकामा एक हप्तामै झण्डै दोब्बर क्षेत्रफलमा रोपाइँ भएको उहाँको भनाइ छ । "अधिकांश क्षेत्रमा असारभित्रैमा रोपाइँ सकिन्छ, बाह्रैमास सिँचाइ सुविधा भएका र दुई बाली फल्ने खेतमा रोपाइँ छिटो हुन्छ", उहाँले भन्नुभयो, "अहिले रोपाइँका लागि मलको पनि अभाव छैन, वर्षात् पनि भइरहेकाले किसानलाई राहत पुगेको छ।" निर्देशनालयले हरेक आइतबार रोपाइँको जिल्लागत तथ्याङ्क सङ्कलन गरेर केन्द्रमा पठाउने गरेको छ । प्रदेशको कूल चार लाख ७९ हजार छ सय १७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्सेनि एक लाख हेक्टर वरिपरि वर्षे धान लगाइने गरिएको निर्देशनालयका प्रमुख रेग्मीले जानकारी दिनुभयो । मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धानखेती हुँदै आएको छ । नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धानखेतीको क्षेत्रफल बढी छ । निर्देशनालयका प्रमुख रेग्मीले धानखेतीका लागि जिल्लामा पकेट क्षेत्र तोकिएको बताउनुभयो । गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानको पकेट क्षेत्र हुन् । पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोटलगायतलाई धानका पकेट क्षेत्र तोकिएको छ ।

गण्डकीका किसानले सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनसुली, सुनौलो सुगन्धलगायत जातका धानको खेती गर्दै आएका छन् । निर्देशनालयको तथ्याङ्कअनुसार गण्डकी प्रदेशमा धान खेतीको क्षेत्रफल बर्सेनि घट्दै गएको देखिन्छ । 'प्लटिङ', तीव्र बजारीकरण, ठूलाठूला भौतिक निर्माण आदिका कारण खेतीयोग्य जग्गा नासिँदै गएको छ ।

# उपभोक्तामैत्री कानुन आवश्यकः मन्त्री गिरी

पोखरापत्र संवाददाता
पर्वत, १५ असार

कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले खानेपानीसम्बन्धी उपभोक्तामैत्री कानुन आवश्यकता रहेको बताउनुभएको छ ।

गृहजिल्ला पर्वतमा शिवालय खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको १८औं साधारणसभालाई शनिबार सम्बोधन गर्दै मन्त्री गिरीले उपभोक्तालाई न्यून महसुल लाग्ने गरी ऐन संशोधनको आवश्यकता देखिएको बताउनुभयो ।

स्वच्छ खानेपानी पाउनु नागरिकको मौलिक हक भएको बताउँदै उहाँले सबै नागरिकलाई सहज रूपमा खानेपानीको पहुँचपुऱ्याउन सरकार लागिरहेको बताउनुभयो । उहाँले पुराना योजनालाई व्यवस्थित गर्नुका साथै नयाँ योजनाहरूलाई विस्तार गरेर हरेक नागरिकको घरघरमा धारा विस्तार गर्ने योजना सरकारले ल्याएको बताउनुभयो ।

मन्त्री गिरीले खानेपानीका स्रोतहरू सुक्दै जान थालेको अवस्थामा नयाँ स्रोतहरू खोजेर एकीकृत रूपमा आयोजना सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँले अहिले पनि नागरिकले खानेपानीका लागि ठूलो धनराशि खर्चिनुपरेको, गरिब समुदायले धारा जडान गर्ने नसक्ने अवस्था आएको बताउँदै यसको अन्त्य गरिनुपर्ने बताउनुभयो । उपभोक्तालाई शून्य लागतमा राज्यले पानी उपलब्ध गराउनुपर्ने बताउनुभयो ।

मन्त्री गिरीले सदरमुकाम रहेको कुश्मा नगरपालिकामा बृहद् खानेपानी योजना सञ्चालन गर्न आग्रह गर्दै त्यसका लागि तीनै तहका सरकारबीच साझेदारी गर्न सुझाव दिनुभयो । कम्तीमा रु दुई अर्ब बराबरको योजना निर्माण गर्न उहाँले आग्रह गर्नुभयो ।

फरक प्रसङ्गमा मन्त्री गिरीले बदमासी गर्ने सहकारी सञ्चालकलाई कारबाहीको दायरमा ल्याउनैपर्ने बताउनुभयो । ऋण लिएर नतिर्नेहरूलाई जसरी बैंकले कालोसूचीमा राख्छ त्यसैगरी सहकारी ठगहरूलाई पनि कालोसूचीमा राखेर राज्यका सेवासुविधाबाट बञ्चित गर्नुपर्ने उहाँको भनाइ थियो । सहकारी क्षेत्रमा देखिएको समस्या समाधानका लागि आवश्यक कानुन निर्माणको काम अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो ।

मन्त्री गिरीले मुलुकमा देखिएको अहिले अवस्थामा छिट्टै सुधार हुने बताउनुभयो । मुलुकको आर्थिक अवस्था विस्तारै लयमा आउँदै गरेको बताउँदै छिट्टै नेपालीहरूले सुखको श्वास फेर्न पाउने दाबीसमेत गर्नुभएको छ । उहाँले खानेपानीजस्ता पवित्र संस्थामा राजनीति गर्न नहुने बताउनुभयो । नागरिकलाई खानेपानी उपलब्ध गराउने उद्देश्यले खोलिएका यस्ता संस्थामा सर्वसम्मत रूपमा सक्षम नेतृत्व चयन गर्न उहाँले आग्रह गर्नुभयो ।

कुश्मा नगरपालिकाका नगरप्रमुख रामचन्द्र जोशीले बढ्दो जनसङ्ख्याको चापसँगै खानेपानीको अभाव पनि थपिँदै जाने बताउँदै नयाँ स्रोतहरू खोजी गरेर नागरिकलाई पानीको सहजता प्रदान गर्न आग्रह गर्नुभयो । कुश्माबजारमावितरितपानीस्वच्छ रहेको बताउँदै यसलाई कायम राख्न उहाँले अनुरोध गर्नुभयो ।

# भानु जयन्तीमा खुला कविता र रामायणवाचन प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
तनहुँ १५ असार

राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको २११औं जन्मजयन्तीका अवसरमा जन्मभूमि तनहुँको भानुमा खुला कविता, विद्यालयस्तरीय कविता र रामायण वाचन प्रतियोगिता हुने भएको छ ।

आदिकवि भानुभक्त जन्मस्थल विकास समितिले भानु जयन्तीका अवसरमा असार २८ गते भानु नगरपालिका-४ चुँदीरम्घामा खुला कविता र रामायणवाचन प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगितामा सहभागी हुन चाहनेले असार २६ गतेभित्र कार्यालय वा इमेलमा कविता पठाउनुपर्ने विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले जानकारी दिनुभयो । खुला कविता प्रतियोगितामा प्रथम हुनेलाई नगद रु १० हजार, द्वितीय हुनेलाई रु सात हजार, तृतीय हुनेलाई रु पाँच हजार र सान्त्वना हुने दुई जनालाई जनही रु एक हजार पाँच सय प्रदान गरिने रानाभाटले जानकारी दिनुभयो ।

विद्यालयस्तरीय कविता प्रतियोगितामा प्रथम हुनेलाई रु पाँच हजार, द्वितीय हुनेलाई रु तीन हजार, तृतीय हुनेलाई रु एक हजार र सान्त्वना हुने दुई जनालाई जनही रु पाँच सय प्रदान गरिनेछ ।

रामायण वाचनमा प्रथम हुनेलाई रु पाँच हजार, द्वितीय हुनेलाई रु तीन हजार, तृतीय हुनेलाई रु एक हजार र सान्त्वना हुने दुई जनालाई जनही रु पाँच सय प्रदान गरिनेछ ।

भानु जयन्तीका अवसरमा असार २७ गते स्थानीय मठ मन्दिरमा पूजाअर्चना, यही असार २८ गते खुल्ला कविता, विद्यालय स्तरीय कविता र रामायण वाचन प्रतियोगिता हुनेछ । असार २९ गते बिहान ७ बजे बाजागाजासहित समितिको कार्यालयबाट भानु प्रतिमास्थल रम्घासम्म प्रभातफेरी, भानु प्रतिमामा पूजाअर्चना, ११ बजेदेखि चुँदीरम्घामा विभिन्न झाँकी प्रदर्शन, कविगोष्ठी, साहित्यिक कार्यक्रम, सांस्कृतिक कार्यक्रम हुनेछ ।

भानु नगरपालिका-४ चुँदीरम्घामा विसं १८७१ असार २ ९ गते जन्मिनुभएका आचार्यको विसं १९२५ असोज ६ गते निधन भएको थियो । नेपाली साहित्यका प्राथमिककालका प्रतिनिधि कविका रूपमा परिचित भानुभक्त वाल्मीकि रामायणका अनुवादकका रूपमा प्रख्यात हुनुहुन्छ । मोतिराम भट्टले उहाँलाई पहिलोपटक नेपाली भाषाका आदिकवि उपाधि दिनुभएको थियो । भानुभक्तले प्रश्नोत्तर, भक्तमाला, बधुशिक्षालगायत कृति लेख्नुभएको छ भने उहाँका पाण्डुलिपिलाई सङ्ग्रह गरेर मोतिराम भट्टलेपुस्तकाकारमाप्रकाशितगरेपछि उहाँनेपालीसाहित्यिमाचिनिनुभएकोथियो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २८ रातो पैरो निसानथर मोटर बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः रातो पैरो निसानथर मोटर बाटो निर्माण योजना
ठेगानाः पोखरा-२८, निसानथर, कास्की
योजना सम्झौता मितिः २०८०/१०/२२ गते
योजना शुरु हुने मितिः २०८०/१०/२३ गते
योजना सम्पन्न भएको मितिः २०८१/०३/१३ गते
योजनाको कुल लागतः रु. २७,७८,०३४/-
पोखरा महानगरपालिकाबाटः रु. २५,००,०००/-
उपभोक्ता समितिबाटः २,७८,०३४/-
अध्यक्षः परशुराम अधिकारी मो. ९८४६०५६७१०
सचिवः हरि प्रसाद अधिकारी
जम्मा सदस्य संख्याः ७ महिला सदस्यः २ पुरुष सदस्यः ५

**रातो पैरो निसानथर मोटर बाटो निर्माण उपभोक्ता समिति पोखरा-२८ निसानथर, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३ स्थित कोपिलढुंगा धारा संरक्षण एवम् सौन्दर्यकरण निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः कोपिलढुंगा धारा संरक्षण एवम् सौन्दर्यकरण
ठेगानाः पोखरा-३, कोपिलढुंगा
योजना सम्झौता मितिः २०८१/०१/१८ गते
योजना शुरु मितिः २०८१/०२/३२ गते
योजना सम्पन्न भएको मितिः २०८१/०३/१५ गते
योजनाको कुल लागतः रु. १,८४,६४३/६६
पोखरा महानगरपालिका वडा नं. ३ बाटः रु. १,६४,६४३/६६
उपभोक्ता समितिबाटः रु.२०,०००/-
अध्यक्षः रमा सि.के. सम्पर्क नं.: ९८४६००३९६३

**कोपिलढुंगा धारा संरक्षण एवम् सौन्दर्यकरण निर्माण उपभोक्ता समिति पोखरा-३**

# पोखरा रंगशालाको स्क्वास परिसरमा बृक्षारोपण

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार



स्क्वास राकेट्स संघ कास्कीले शनिबार पोखरा रंगशालामा बृक्षारोपण गरेको छ।

संघको एक सदस्य एक विरुवा अभियान अन्तर्गत शनिबार पहिलो चरणमा विभिन्न ७ जातका ३७ वटा बिरुवा रोपण गरिएको संघका सचिव सन्तोष घिमिरेले बताउनु भयो।

रंगशाला भित्र स्क्वास संघको परिसरमा वर, पिपल, पारिजात, समी, जारकाण्डो, तेजपत्ता लगायतका बिक्षारोपण गरिएको उहाँले जनाउनु भयो। बिरुवा रोपेर मात्र ठुलो कुरा नभई त्यसलाई हुर्काउने समेत जिम्मा आफुहरुले लिने गरी एक सदस्य एक बिरुवाको अभियान सुरु गरिएको संघ कास्कीका अध्यक्ष प्रविन पालिखेले बताउनु भयो।

गण्डकी प्रदेशका पूर्व आर्थिक मामिला मन्त्री किरण गुरुङले उक्त कार्यक्रममा बिरुवा रोपण गर्दै कार्यक्रमको उद्घाटन गरी बृक्षारोपणसंगै त्यसको संरक्षणमा समेत बिषेश ध्यान दिन आग्रह गर्नु भयो।

उक्त कार्यक्रममा संघ गण्डकी प्रदेशका अध्यक्ष असोक रञ्जित, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल, प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य केशव पाठक, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख सुन बहादुर लामा, पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदार लगायतको सहभागिता रहेको थियो।

राष्ट्रिय धान दिवसको अवसरमा संघले बिहानको सिमसिम पानीमा बिरुवा रोपे गरेसंगै सहभागिहरुलाई दही चिउरा खुवाइएको थियो।

# बागलुङका चार उत्कृष्ट किसान पुरस्कृत

**पोखरापत्र संवाददाता**
बागलुङ, १५ असार

बागलुङका चार उत्कृष्ट कृषकलाई सम्मान तथा पुरस्कृत गरिएको छ। २१ औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवका अवसरमा जिल्लास्तरमै कृषिको माध्यमबाट पहिचान बनाउन सफल चार किसानलाई नगद रु दश/दश हजार नगदसहित पुरस्कृत गरिएको कृषि ज्ञान केन्द्र बागलुङले जनाएको छ।

सुन्तला खेतीतर्फ बागलुङ नगरपालिका-८ सिगानाका किसान अनन्तबहादुर खड्का, तरकारी खेतीतर्फ बागलुङ नगरपालिका-९ तित्याङका पदमबहादुर खत्री, स्याउ र आलु खेतीतर्फ ढोरपाटन-९ स्थित उत्तरगङ्गा अर्गानिक एग्रोका चिरनकुमार घर्ती र बागलुङ नगरपालिका-१२ स्थित कालीगण्डकी दूध उत्पादक सहकारीका कृष्णप्रसाद लाछिनेलाई सम्मान गरिएको ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले जानकारी दिनुभयो। तरकारी, फलफूल र दूधलगायत उत्पादनको बजारीकरणमा सरकारले ध्यान दिनुपर्नेपुरस्कृतिकिसानहरूकोभनाइछ।

# कर्मचारीमा नैतिकता र इमान्दारिता चाहिन्छ : सांसद बराल

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार



गण्डकी प्रदेश सभाका सांसद प्रकाश बरालले कर्मचारीमा सेवा भावसँगै नैतिकता र इमान्दारिता चाहिने बताएका छन्।

नेपाल खानेपानी संस्थान कर्मचारी संघ इकाई समिति पोखराद्वारा आयोजित असारे १५ आर्थत् धान दिवसको शुभकामना आदान प्रदान कार्यक्रमलाई उद्घाटन गर्दै नेपाली कांग्रेसका युवा नेता एवं सांसद बरालले नियम र कानुन अनुरुप उपभोक्ताको सेवा गर्न आवश्यक भएको बताए। उनले उच्च मनोबल बोकेर कर्मचारीले सेवा गर्दा कुनै समस्या नहुने भन्दै पोखरामा पानीको माग बढेसँगै आपुर्तिको व्यवस्था मिलाउन संस्थानलाई सुझाव दिए। गण्डकी प्रदेशबाट गर्नु पर्ने सहयोग गर्न आफू तयार रहेको बताएका बरालले कर्मचारीको समस्या समाधान पहिलो कर्तव्य भएको बताए। कार्यक्रममा नेपाल खानेपानी संस्थान कर्मचारी संघ केन्द्रीय समितिका अध्यक्ष केदार धमलाले संस्थानमा कार्यरत आम कर्मचारीको बृहत्तर हित गर्नु पर्ने समय आएको बताए। अध्यक्ष धमलाले कर्मचारी सेवा शर्त विनियमावली अति नै आवश्यक रहेको बताउँदै आगामी साउन महिनामा प्राप्त नभए आन्दोलनको तयारीमा रहन इकाई समितिलाई अनुरोध गरे। संस्थानमा क्रियाशील युनियनहरु एक भएको बताएका धमलाले कर्मचारीमा अनुशासन, दक्षता र उपभोक्ता मैत्री भाव हुनु पर्नेमा जोड दिए। ईकाई समितिका अध्यक्ष अनिल शर्मा सुवेदीको अध्यक्षतामा भएको दहिच्युरा खाने पर्वलाई निरन्तरता दिएको सभामा ईकाई समितिका उपाध्यक्ष रेखा केसीले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् भने इकाई सदस्य विक्रम बरुवालले कार्यक्रम सञ्चालन गरेका थिए। कार्यक्रममा नेपाल खानेपानी संस्थान पोखरा शाखाका प्रशासन प्रमुख एवं संघका सल्लाहकार विष्णुप्रसाद रेग्मीले सवै कर्मचारीको एकताले मात्र कार्यालय सञ्चालन हुने भएकाले अनुशासित र मर्यादित बन्न आग्रह गरेका थिए।

कार्यक्रममा नेपाल खानेपानी संस्थान कर्मचारी संगठनका महासचिव वसन्तराज भण्डारीले संकृति जोगाउने पर्वलाई निरन्तरता दिएकोमा खुसी व्यक्त गर्दै एकताबद्ध भएर संस्थानको समस्या संयुक्त रुपमा समाधान गर्नुपर्नेमा जोड दिए। कार्यक्रममा पोखरा शाखाका लेखा प्रमुख पुष्पराज जोशी, सहायक प्रशासन अधिकृत शिवराज भण्डारी, विन्ध्यवासिनी इकाई प्रमुख प्रकाश सिलवाल, सव-इन्जिनियर लक्ष्मण पाण्डे, अखिल नेपाल सरकार अस्थायी, करार तथा ज्यालादारी कर्मचारी श्रमिक संघका गण्डकी प्रदेश संयोजक हरि पौडेल लगायतले असारे पन्ध्रको शुभकामना दिएका थिए।

# कविराजको व्यवसाय अरूका लागि पाठशाला

**रासस**
गण्डकी, १५ असार

मध्य असारको टन्टलापुर घाममा महिला उद्यमी सङ्घ नेपाल, तनहुँको शुक्लागण्डकी नगरपालिका नगर इकाइको टोली शुक्रबार शुक्लागण्डकी नगरपालिका-२ स्थित एक्ले खेतमा ॐ कृषि फार्मले लगाएको कुरिलो तथा सिप्लिकान खेती अवलोकनका लागि पुग्यो।

युवा व्यवसायी कविराज खनालले एक्ले फाँटमा लगाउनुभएको कुरिलो र सिप्लिकानखेतीबारे जान्न र बुझ्न पुगेको इकाइ अध्यक्ष तुलसी शाह नेतृत्वको टोलीलाई खनालले यस खेतीका फाइदा, लगाउने तरिकाका साथै विद्यमान बजारबारे जानकारी गराउनुभयो।

स्वदेशमा नै केही गर्न सकिन्छ भन्ने सन्देश फैलाउने उद्देश्य राख्नुभएका खनालको व्यावसायिक कृषि यतिखेर उद्यमशीलताको विकासमा लागेका सङ्घसंस्थादेखिव्यक्तिविशेषकालागि पनि पाठशाला बन्दै गएको छ।

फार्मअन्तर्गत खनालले शुक्लागण्डकी नगरपालिका-१, २ का साथै पोखरानगरपालिका-३२ मा प्राङ्गारिक फलफूल, कागती, तरकारी, नर्सरी उत्पादनसँगै बिक्री केन्द्र पनि सञ्चालन गरिरहनुभएको छ। आफ्नो फार्ममा कुरिलो, सिप्लिकान, कागती माछा, बङ्गुरका साथै विभिन्न प्रजातिका फलफूल तरकारी समेत उपलब्ध हुने उहाँले जानकारी दिनुभयो। "फार्ममा विभिन्न उत्पादन त छ नै पछिल्लो समय मैले लगाएको कुरिलो खेतीका साथै सिप्लिकानखेती हेर्नका लागि धेरै ठाउँबाट युवा उद्यमीहरू आउने गरेका छन्", उहाँले भन्नुभयो, "फार्ममा आउने जो कोहीलाईकुरिलो,सिप्लिकानलगायत खेतीका प्रविधि, उपयोगिता र बजारीकरणलगायत विषयमा जानकारी गराउँदै आएको छु।"

व्यावसायिक कृषिसँगै पत्रकारिता र शिक्षण पेसालाई सँगसँगै अघि बढाएका खनालका अनुभव यतिखेर अरूका लागि अनुकरणीय बनेका छन्। रेडियो नेपालका साथै आदर्श समाज राष्ट्रिय दैनिकका संवाददाताका रुपमा रहेका खनाल लेखनाथ पत्रकार मञ्चको अध्यक्षसमेत हुनुहुन्छ। उहाँले ब्रह्मरुपा माध्यमिक विद्यालय राजाको चौतारामा कम्प्युटर विज्ञान विषयमा विगत २० वर्षदेखि अध्यापन गरिरहनुभएको छ।

चार वर्षयता शुक्लागण्डकी नगरपालिका-२ एक्लेखेतका साथै तार्कुडाँडामा कुरिलो, सिप्लिकानखेती गरिरहनुभएका खनालको फार्ममा नौ हजार बेर्ना कुरिलो लगाइएकामा आठ हजार बेर्नाबाट उत्पादन सुरु भइसकेको छ। कुरिलोखेतीबाट आफूले वार्षिक रु चार लाख आम्दानी गरिरहेको उहाँले अनुभव सुनाउनुभयो। सुरुमा एक हजारको सङ्ख्यामा सिप्लिकान लगाए पनि डढेलोजन्य प्रकोपका कारण हाल आठ सयको सङ्ख्यामा बोटहरू रहेको उहाँले जानकारी दिनुभयो। कुरिलो र सिप्लिकान दुवैको बजारका लागि समस्या नरहेको बताउँदै उहाँले कुरिलो प्रतिकिलो रु एक हजारसम्म बिक्री भइरहेको बताउनुभयो। नेपालका अधिकांश भूभागमा लगाउन सकिने कुरिलो बहुपोषणयुक्त औषधीय गुण भएको बहुवर्षीय वनस्पति हो। स्वास्थ्यका लागि धेरै उपयोगी कुरिलोको टुसालाई तरकारीका रूपमा बढी प्रयोग गरिन्छ। कुरिलोमा प्रशस्त मात्रामा प्रोटिन, भिटामिन, फाइबर, क्याल्सियमसँगै अन्य विभिन्न विभिन्न पौष्टिक तत्व पाइने र बच्चादेखि वृद्धसम्म सबैका लागि उपयोगी रहेको खनालले बताउनुभयो।

सिप्लिकान विशेषतः नेपालको पहाडी भागमा पाइने अर्को औषधीजन्य वनस्पति हो। खनालका अनुसार स्वादमा केही तीतो हुने यसलाई तरकारी या अचारका रुपमा विभिन्न परिकार बनाएर खाने प्रचलन छ। उच्च रक्तचापको समस्याका साथै मिर्गौला एवम् ज्वरोजन्य समस्यामा यसको उपयोगिता रहने उहाँले बताउनुभयो।

सिप्लिकानको गुन्द्रुक धेरै महत्वपूर्ण मानिन्छ। यसको गुन्द्रुक प्रतिकिलो रु चारदेखि पाँच हजारसम्ममा बिक्री गर्न सकिने उहाँले बताउनुभयो। उत्पादन गर्न सकेमा बजारको कुनै समस्या नरहेको र यसतर्फ आम सर्वसाधारणलाई आकर्षित गर्न सकेमा त्यसबाट रोजगारी अभिवृद्धि गर्न सकिने धेरै सम्भावना रहेको पनि उहाँको भनाइ छ। " धेरै नेपाली युवाहरू रोजगारीको खोजीमा विदेशिएका अवस्थामा सम्भावनायुक्त कुरिलो, सिप्लिकानजस्ता खेतीतर्फ अभिप्रेरित गरी उनीहरूलाई यहीँ नै बस्न सक्ने वातावारण बनाउन सकिन्छ", खनालले भन्नुभयो, "अब राज्यले कृषिमा अनुदानभन्दा पनि उनीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्नु अपरिहार्य छ।"

वास्तविक किसानको पहिचान गर्दै प्रोत्साहित गर्ने वातावारण तयार गर्न सकेमा कृषितर्फ आकर्षण बढ्ने र त्यसले युवा पलायन रोक्न सकिने उहाँको तर्क छ। बहुपोषण र औषधीयुक्त कुरिलो तथा सिप्लिकानखेती घरघरमा गरिएमा त्यसले सर्वसाधारणको स्वास्थ्य रक्षामा पनि योगदान पुग्ने खनालको कथन छ। "बहुपोषण र औषधीका कारण प्रत्येक घरमा १०/१० वटा कुरिलो तथा सिप्लिकानका बोटहरू लगाउनुपर्छ भन्ने मेरो सोच छ, यसका लागि मैले प्राप्त गरेका अनुभव तथा ज्ञानसीप समुदायमा बाँड्न चाहन्छु", उहाँले भन्नुभयो।

# खाद्य सामाग्री, इन्धन, सरसफाई लगायतको सामाग्री खरिदको लागि बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः२०८१/०३/१६**

**श्री सहिद स्मृति आवासीय मा.वि. पोखरा-१४, मझेरीपाटन कास्कीमा** अध्ययनरत २०० जना आवासीय विद्यार्थीहरुका लागि आ.व. २०८१/८२ मा आवश्यक सामाग्री बोलपत्र फाराममा उल्लेखित खाद्य सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, कम्पनी, एजेन्ट, सप्लायर्स र निर्माता कम्पनीका अधिकृत विक्रेताहरुबाट तपशिलका शर्तहरुको अधिनमा रही रितपूर्वक शिलबन्दी दरभाउ बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको १२.०० बजे भित्र श्री सहिद स्मृति आवासीय मा.वि. पोखरा-१४, मझेरीपाटन कास्कीको कार्यालयमा आइपुग्ने गरी पेश गर्न यो बोलपत्र आह्वान गरिएको छ।

तपसिल

| क्र.सं. | प्याकेज नम्बर | आवश्यक सामाग्री आईटमका विवरण | अनुमानित रकम | बोलपत्र जमानत | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सहिद स्मृति आवासीय मा.वि. प्याकेज नं. १ | खाद्यन्न, सरसफाई र दाउरा | ५८,८१,५९०। | ८८२२३.८५ | |
| २ | श्री सहिद स्मृति आवासीय मा.वि. प्याकेज नं. २ | हरियो तरकारी, आलु, प्याज र फलफुल | १९,७२,२५०। | २९५८३.७५ | |
| ३ | श्री सहिद स्मृति आवासीय मा.वि. प्याकेज नं. ३ | मासु र अण्डा | ९,८६५५०। | १४७९८.२५ | |

१) यो बोलपत्रको सूचना प्रकाशित भएको मितिले ३० दिन सम्म सामान आपूर्ति सम्बन्धी बोलपत्र फारम वापत रु ३,०००।- (फिर्ता नहुने गरी) यस सहिद स्मृति आवासीय मा.वि.को अमरसिंहचोक शाखामा रहेको राष्ट्रिय बाणिज्य बैक लिमिटेडको खाता नम्बर ३४८०१०००१०७१३००१ मा बुझाएको सक्कल भौचर, बोलपत्र खरिद गर्नको लागि निवेदन सँगै फर्म वा कम्पनीको इजाजत पत्र, स्थायी लेखा नम्बर, २० लाख भन्दा वढिको कारोवारमा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. ०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गराई साथमा लिई आउनुपर्नेछ।

२) बोलपत्र खरिद गर्न बोलपत्रदाता स्वयं उपस्थित हुन नसकेमा मञ्जुरी नामाबाट पनि खरिद गर्न सकिने छ। तर त्यस्तो मञ्जुरीनामा (निवेदन) एक फर्म एक व्यक्तिलाई मात्र मान्य हुने छ।

३) खरिद गरिएको बोलपत्रका महलहरु भरी प्रत्येक पानामा सहीछाप गरी ३० औं दिनको १२.०० बजे भित्र वा सो दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिनको १२ बजे भित्र यस विद्यालयको प्रशासन शाखामा आई बोलपत्र दर्ता गराउन सकिने छ। यसरी दर्ता हुन आएको बोलपत्रहरु सोही दिनको २.०० बजे विद्यालयमा बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा प्रतिनिधिहरु उक्त दिन र समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४) बोलपत्र पेशगर्दा बोलपत्र जमानत बापतको रकम माथि तपशिल तालिकामा देहायबमोजिम श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालयको राष्ट्रिय बाणिज्य बैंक अमरसिंहचोक शाखामा प्रकारण १ मा उल्लेख भएको खाता नम्बरमा जम्मा गरी सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ, अथवा उक्त रकम स्वीकृत प्राप्त वाणिज्य वैङकबाट कम्तीमा १२० दिन म्याद भएको शर्त रहित बैंक जमानी पत्र (बिड बण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ।

५) दर्ता गर्न ल्याउदा बोलपत्रको खामको शीरमा "बोलपत्र पेश गर्न चाहेको प्याकेज नं. र सामानको नामको बोलपत्र" भनी लेखी बोलपत्रदाताको नाम, ठेगाना र फोन नम्बर समेत प्रष्ट संग लेखी लाहा छाप लगाई विद्यालयमा बुझाउनुपर्ने छ।

६) बोलपत्रदाताले आफुले कबुल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी प्रष्टसंग लेखेको हुनुपर्ने छ। अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइने छ।

७) नेपाल सरकारलाई तिर्नुपर्ने सबै प्रकारका कर बोलपत्रदाता स्वयंले तिर्नुपर्ने छ। बोलपत्र सम्बन्धि अन्य सर्त तथा विवरणहरु बोलपत्र फारममा उल्लेख भएबमोजिम हुनेछ।

८) आपूर्ति गर्ने सामान गुणस्तर युक्त भए नभएको सम्बन्धमा आवश्यक जँचबुझ गराइनेछ। बोलपत्र फारममा उल्लेखित सवै सामाग्रीको दररेट भरि पेश गर्नुपर्ने छ।

९) बोलपत्र पेश गर्ने कम्पनी, फर्म वा एजेण्टले आफूले आपूर्ति गर्नुपर्ने सामान श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय, पोखरा मा न पा १४ कास्कीमा नै आपूर्ति गर्नुपर्नेछ।

१०) बोलपत्र फाराममा उल्लेख गरिएको दररेटमा VAT समावेश भए नभएको स्पष्ट उल्लेख गरिएको हुनुपर्ने छ।

११) प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा सुरक्षित रहने छ। रीत नपुगेको, म्यादनाघी आएको र शर्तराखिएका बोलपत्र उपर कुनै कार्वाही गरिने छैन।

१२) बोलपत्र फाराममा उल्लेखित परिमाणमा २० प्रतिशत थपघट हुन सक्नेछ।

१३) यस सूचनामा उल्लेख हुन बाकीको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**विस्तृत जानकारीको लागि सम्पर्क :**
**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
**पोखरा-१४, कास्की**
**सम्पर्क नं. ९८४६१४७६३६ वा ९८६९१४७५११**

# सुची दर्ता गर्ने बारेको सूचना

**(प्रथम पटक प्रकाशन मिति २०८०/०३/१६)**

**यस संस्थालाई आ.ब. २०८१/०८२ को लागी आवश्यक पर्ने मसलन्द तथा छपाई, सर्जिकल सामाग्री, औषधि, एवं औषधि प्याकिङ सामाग्री (झोला, डोरी कार्टुन टेप) खरिद गर्नुपर्ने भएकोले सम्बन्धित कारोवार गर्न ईच्छुक दर्तावाला फर्म, कम्पनी एवं संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र नियमानुसार फर्म वा व्यवसायको दर्ता प्रमाणपत्र, आयकर तथा मू.अ. कर चुक्ता लगायतका सम्पूर्ण प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि संलग्न गरिएको प्रस्ताव यस संस्थाको शाखा कार्यालय रामघाट, पोखरामा आइपुग्ने गरी दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी वा म्याद नाघि आएको निवेदनलाई मान्यता दिईने छैन। प्राप्त प्रस्ताव स्वीकृत गर्ने/नगर्ने अधिकार यस संस्थामा सुरक्षित रहने छ।**

**साझा स्वास्थ्य सेवा**
**गण्डकी प्रदेश**
**रामघाट, पोखरा, कास्की**
**फोन नं. ०६१-५७०४२३**